धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

## UPPER TAMAKOSHI HYDROPOWER LIMITED

Gyaneshwor, Kathmandu

### UNAUDITED 2nd QUARTER STATEMENT OF FINANCIAL POSITION AS AT

*Amount in NPR*

| Particulars | This Quarter Ending on 30 Poush 2078 (Unaudited) | Previous Quarter Ending on 31 Aswin 2078 (Unaudited) | Corresponding Previous Year Quarter Ending on 29 Poush 2077 |
|---|---|---|---|
| **Assets :** | | | |
| **Non Current Assets :** | | | |
| Property, Plant & Equipment | 85,740,211,182.15 | 86,203,030,039.77 | 6,381,208.94 |
| Capital WIP- UTKHEP | - | - | 81,011,196,168.03 |
| Capital WIP- Rolwaling | 304,178,895.32 | 304,178,895.32 | - |
| Deferred tax Assets | - | - | - |
| **Total Non-Current Assets** | **86,044,390,077.47** | **86,507,208,935.09** | **81,017,577,376.97** |
| **Current Assets :** | | | |
| Financial Assets | | | |
| Inventories | 7,720,248.32 | 7,680,199.58 | 10,432,310.12 |
| Cash and cash equivalents | 123,548,783.34 | 269,605,436.73 | 631,450,871.34 |
| Other current assets | 4,284,081,414.56 | 3,104,879,758.82 | 1,260,279,104.72 |
| **Total Current Assets** | **4,415,350,446.22** | **3,382,165,395.13** | **1,902,162,286.18** |
| **Total assets** | **90,459,740,523.69** | **89,889,374,330.22** | **82,919,739,663.15** |
| **Equity & Liabilities :** | | | |
| **Equity :** | | | |
| Equity share capital | 10,590,000,000.00 | 10,590,000,000.00 | 10,590,000,000.00 |
| Retained Earnings | (1,391,486,407.24) | (200,891,241.04) | (822,042,161.47) |
| **Total Equity** | **9,198,513,592.76** | **10,389,108,758.96** | **9,767,957,838.53** |
| **Non Current Liabilities :** | | | |
| Long Term Loans | 41,000,000,000.00 | 41,000,000,000.00 | 40,083,098,123.11 |
| Provisions | 20,472,244.42 | 20,930,203.42 | 16,001,880.63 |
| Deferred tax liabilities | - | - | - |
| Interest on Long term loan | 33,416,216,837.04 | 31,762,816,056.22 | 27,829,022,801.29 |
| Other non-current liabilities | 991,220,600.89 | 995,380,058.06 | - |
| **Total Non-Current Liabilities** | **75,427,909,682.35** | **73,779,126,317.70** | **67,928,122,805.03** |
| **Current Liabilities:** | | | |
| Short Term Loans | 4,000,000,000.00 | 4,000,000,000.00 | 2,750,000,000.00 |
| Other Current Liabilities | 1,833,317,248.58 | 1,721,139,253.57 | 2,473,659,019.59 |
| **Total Current Liabilities** | **5,833,317,248.58** | **5,721,139,253.57** | **5,223,659,019.59** |
| **Total Equity and Liabilities** | **90,459,740,523.69** | **89,889,374,330.22** | **82,919,739,663.15** |

### UNAUDITED 2nd QUARTER STATEMENT OF PROFIT OR LOSS

*Amount in NPR*

| Particulars | This Quarter Ending on 30 Poush 2078 (Unaudited) | Previous Quarter Ending on 31 Aswin 2078 (Unaudited) | Corresponding Previous Year Quarter Ending on 29 Poush 2077 |
|---|---|---|---|
| Revenue from sale of Electricity | 3,646,525,864.95 | 1,727,751,940.08 | - |
| **Expenses** | | | |
| Administrative and Operating Expenses | (86,444,498.67) | (28,007,101.30) | (22,562,032.06) |
| Royalty | (95,730,517.30) | (45,955,038.80) | - |
| Foreign Exchange Gain/(Loss) | 535,755.30 | 1,122,434.33 | 2,821,087.60 |
| Deductions | (406,236,451.03) | - | - |
| Depreciation | (1,186,737,929.90) | (288,545,851.01) | (696,134.90) |
| **Profit/(Loss) from Operation** | **1,871,912,223.35** | **1,366,366,383.30** | **(20,437,079.36)** |
| Finance Income | 571,852.32 | - | - |
| Other income | 102,000.00 | 69,884.50 | 116,000.00 |
| Finance Costs | (2,203,103,914.11) | (506,417,230.04) | (11,250,000.00) |
| **Profit/(Loss) Before Bonus and Tax** | **(330,517,838.44)** | **860,019,037.76** | **(31,571,079.36)** |
| Income Tax | - | - | - |
| **Net Profit for the year** | **(330,517,838.44)** | **860,019,037.76** | **(31,571,079.36)** |

**नोट** :

यस कम्पनीबाट २०७८ श्रावण देखि पौष मसान्तसम्मको विद्युत विक्री वापत नेपाल विद्युत प्राधिकरणलाइ रु. ३,६४,६५,२५,८६४.९५ को विल पेश गरिएकोमा कम्पनी र ने.वि.प्रा. वीच विद्युत विक्री आय गणनामा भएको रु. ८३,९८,३९,५७८.०८ को भिन्नता, आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने **Energy dispatch** नभएको एवं विद्युत खरिद विक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनि विद्युत विक्री आयबाट रु. ७२,९५,०३,३४० घटाइएकोले २०७८ मंसिरसम्मको आय वापत रु. १,४२,९२,६०,०२६ मात्र प्राप्त भएको छ । विद्युत विक्री आय गणनामा भएको भिन्नता, आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने **Energy dispatch** नभएको एवं विद्युत खरिद विक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनी घटाइएको रकम सम्बन्धमा ने.वि.प्रा. सँग छलफल भइरहेकोले उक्त घटाइएको रकम फिर्ता भए पश्चात घाटा कम हुन गइ नगद प्रवाहमा सुधार हुन जाने अपेक्षा गरिएको छ ।

**सम्बन्धित पक्षसंग भएको कारोवार:** नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट रु. १३ अर्व दीर्घकालिन ऋण प्राप्त भएको छ। कम्पनीका संस्थापक शेयरधनीहरु नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय वीमा संस्थानबाट प्राप्त भएको दीर्घकालिन ऋण रु. १४ अर्व रहेको छ । साथै नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको अल्पकालिन ऋण रु. २ अर्व रहेको छ ।

ख. प्रमुख वित्तीय सूचकहरु

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा |
|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी (रु) | (३.१२) | ८.१२ |
| २ | प्रति शेयर नेटवर्थ (रु) | ८६.८६ | ९८.१० |
| ३ | प्रति शेयर सम्पत्तीको मूल्य (रु) | ८५४.२० | ८४८.८१ |
| ४ | तरलता अनुपात | ०.७६ | ०.५९ |

## २. व्यवस्थापकीय विश्लेषण

यस कम्पनी अन्तर्गतको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई २०७८ भाद्र ०४ देखि ४ वटा यूनिटबाट विद्युतको व्यापारिक उत्पादन शुरु भई २०७८ भाद्र २५ देखि आयोजनामा जडित ६ वटै यूनिटहरुबाट व्यापारिक उत्पादन भइरहेको छ । पहिलो त्रैमासिकको तुलनामा यस त्रैमासिकमा नदीमा पानीको मात्रा कम हुने हुँदा विद्युत उत्पादन पनि कम हुने भएको र पहिलो त्रैमासिकमा श्रावण र भाद्र दुई महिनाको खर्च पूँजिकृत गरी आश्विन एक महिनाको मात्र खर्च नाफा नोक्सान हिसाबमा लेखांकन गरिएकोले पहिलो त्रैमासिकमा नाफा देखिएकोमा यस त्रैमासिकमा पुरै ३ महिनाको खर्च नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको कारण र आयोजनाले ने.वि.प्रा. लाई आपूर्ति गर्नु पर्ने **Energy dispatch** नभएको एवं विद्युत खरिद विक्री सम्झौता अनुसार उत्पादन शुरु नभएको भनी विद्युत विक्री आयबाट रु. ४०,६२,३६,४५१.०३ घटाइएकोले यस त्रैमासिकमा घाटा देखिएको छ । विद्युत विक्री आय गणनामा भएको भिन्नता तथा घटाइएको रकम सम्बन्धमा ने.वि.प्रा. सँग छलफल भइरहेकोले उक्त घटाइएको रकम फिर्ता पश्चात कम्पनीको घाटा कम हुन गइ नगद प्रवाहमा केहि सुधार हुने अपेक्षा गरिएको छ । विविध कारणहरुले गर्दा आयोजना निर्माण सम्पन्न अवधी बढ्न गइ समग्र आयोजनाको लागत वृद्धि हुन गएको तर त्यस अनुरुप विद्युत विक्रीबाट आम्दानी बढ्न सक्ने अवस्था नरहेकोले कम्पनीको अपेक्षित नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिएकोले ऋणको व्याजदर पुनरावलोकन तथा अन्य वित्तीय व्यवस्थापन मार्फत कम्पनीको वित्तिय स्थिति सुधार्ने तर्फ कम्पनी व्यवस्थापनले प्रयास गरिरहेको छ ।

आयोजनाको निर्माण अवधीको व्याज पूँजीकरण गरी एकमुष्ठ सावाँ निर्धारण गरी ऋणको भुक्तानी तालिका निर्धारण गर्ने र आयोजनाको विभिन्न संरचानाहरुको पूँजीगत निर्माण प्रगतिमा रहेका खर्चहरु पूँजीकरण गरी सम्पत्ति निर्धारण गर्ने क्रममा रहेकोले उक्त कार्य सम्पन्न भए पश्चात माथिको वित्तीय विवरणमा देखाइएको सम्पत्ती, ऋण रकम, व्याज खर्च, ह्रासकट्टि खर्च र निर्माण अवधीको व्याज खर्च एकिन हुनेछ ।

## ३. कानूनी कारबाही सम्बन्धी विवरण

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए ।

- यस त्रैमासिकमा संस्था विरुद्द कुनै मुद्दा दायर नभएको ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरु भएको छैन । तर, मिति २०७८ भाद्र २५ बाट आयोजनाको सम्पूर्ण ६ वटै यूनिटहरुबाट विद्युतको व्यापारिक उत्पादन शुरु भई आय आर्जन शुरु भइसकेको र online माध्यमबाट शेयर खरिद विक्रीको थालनि, शेयर बजारमा थप लगानीकर्ताहरुको प्रवेश तथा शेयर बजारको चलायमान गतिविधिका कारण कम्पनीको शेयर मुल्यमा निरन्तर उतारचढाव भइरहेको देखिन्छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक अवधीमा शेयर सम्बन्धि कारोवारको विवरण देहाय बमोजिम रहेको छ ।

| शेयरको अधिकतम मुल्य (रू.) | शेयरको न्यूनतम मुल्य (रू.) | शेयरको अन्तिम मुल्य (रू.) | कारोवार भएको कूल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ७६० | ५५० | ७५० | ५९ | ५१,७६१ |

## ५. समस्या र चुनौती

आयोजना निर्माण सम्पन्न भइ सञ्चालनको अवस्थामा प्रवेश गरेको हालको अवस्थामा आयोजनाको बढेको निर्माण अवधी तथा लागतका कारण बढ्न गएको व्याज खर्च तथा अन्य खर्चहरुको न्यूनिकरण तथा विद्युत विक्री आयको सुनिश्चितता गरी लगानीकर्ताहरुको दीर्घकालिन हितलाइ ध्यानमा राखि कम्पनीको वित्तीय स्थिति मजबुत गरी आयोजनाको सफल सञ्चालन गर्नु हालको प्रमुख लक्ष्य तथा चुनौति रहेको छ । साथै, दोस्रो चरण अन्तर्गतको रोलवालिङ डाइभर्शन स्कीम सहितको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको प्रारम्भिक कार्य थालनी भैसकेकोले सो आयोजनाको लागि उचित व्याजदरमा आवश्यक वित्तीय व्यवस्थापन तथा अन्य प्रक्रिया टुङ्गो लगाइ यथाशिघ्र उक्त आयोजनाको निर्माण सम्पन्न गरी समग्रमा विद्युत विक्री आय वृद्धि गर्नु पर्ने चुनौति रहेको छ ।

## ६. संस्थागत सुशासन

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएका छन् । कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । हरेक वर्ष लेखापरीक्षक संस्थाहरुद्वारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गराउने गरिएको छ । साथै आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरु सम्मिलित उप समितिहरु गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यहरु अगाडि बढाइएको छ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरु कम्पनीद्बारा राखिएको लेखा अनुसार तयार गरिएको छ । मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरुलाई सूसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।